REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 19:25hrs Date: 25.03.2026

प्रमुख समाचार...

1. केन्द्रीय मन्त्रिपरिषद्ले आज २०२६-२७ देखि २०३५-३६ सम्मको दश वर्षको अवधिमा ₹28,840 करोडको कुल परिव्यय भएको क्षेत्रीय सम्पर्क योजना - संशोधित उडान योजनाको सुरुवात र कार्यान्वयनलाई अनुमोदन गरेको छ।

2. केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले कोभिड पछिको अवधिमा देशभर करिब एक हजार 24 नयाँ रेलहरू शुरु गरिएको र सरकार गरिब तथा मध्यम वर्गको लागि निर्बाध र सस्तो यातायात सेवाहरू प्रदान गर्नमा ध्यान केन्द्रित गरिरहेको बताउनु भएको छ।

3. लोकसभाले वित्त विधेयक, 2026 लाई ध्वनिमतले पारित गरेको छ।

4. केन्द्र सरकारले आज भन्यो कि देशसँग 26 करोड टन कच्चा तेल प्रशोधन गर्ने क्षमता रहेको भनेकोछ। नागरिकहरूलाई उडन्ते खबरहरुमा विश्वास न गर्न आग्रह गरिएकोछ। र

5. पहले खेलो इंडिया जनजातीय खेलहरू आज छत्तीसगढमा शुरु हुँदैछ।

अब समाचार विस्तार मा............

मन्त्रिपरिषद् बैठक

केन्द्रीय मन्त्रिपरिषद्ले आज २०२६-२७ देखि २०३५-३६ सम्मको दश वर्षको अवधिमा ₹28,840 करोडको कुल परिव्यय भएको क्षेत्रीय सम्पर्क योजना - संशोधित उडान योजनाको सुरुवात र कार्यान्वयनलाई अनुमोदन गरेको छ। नयाँ दिल्लीमा मन्त्रिपरिषद् बैठकपछि

सञ्चारकर्मीलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले क्षेत्रीय सम्पर्क प्रवर्धन गर्न हाल हवाई पट्टी नभएका स्थानहरूमा 100 वटा विमानस्थलहरू विकास गरिने बताउनु भयो। यसले कम सेवा भएको र अनुपलब्ध क्षेत्रहरूमा क्षेत्रीय हवाई सम्पर्कमा सुधार ल्याउनेछ।

यसले दोस्रो र तेस्रो श्रेणीका शहरहरूमा आर्थिक विकास, व्यापार र पर्यटनलाई पनि बढावा दिनेछ र आम जनताको लागि किफायती हवाई यात्रालाई सहज बनाउनेछ। यसले दुर्गम र पहाडी क्षेत्रहरूमा आपतकालीन प्रतिक्रिया र स्वास्थ्य सेवामा पहुँच सुधार गर्नेछ।

मन्त्रिपरिषद्ले 1 अप्रिल 2026 देखि 31 मार्च, 2031 सम्म पाँच वर्षको अवधिको लागि अध्यागमन, भिसा, विदेशी दर्ता र ट्र्याकिङ (IVFRT) योजनालाई 31 मार्च, २०२६ पछि निरन्तरता दिन स्वीकृति दिएको छ, जसको बजेट 1800 करोड रुपियाँ रहेको छ।

लोकसभा- रेलवे

केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले कोभिड पछिको अवधिमा देशभर करिब एक हजार 24 नयाँ रे लहरू शुरु गरिएको बताउनु भएको छ। आज लोकसभामा पूरक प्रश्नहरुको जवाफ दिँदै, श्री वैष्णवले भन्नुभयो, यसका साथै, अहिले भएका रेलहरूमा चार हजार 651 नयाँ कोचहरू पनि थपिएका छन्। उहाँले भन्नुभयो, रेलवे, गरिब र मध्यम वर्गको यातायात हो र सरकारले उनीहरूलाई निर्बाध र सस्तो यातायात सेवाहरू प्रदान प्रदान गर्नमा ध्यान केन्द्रित AV BYTE: 2 लने गरीब 17 गरिरहेको छ। मन्त्रीले भन्नुभयो, रेलहरूमा कुल सिटहरुको 78 प्रतिशत, सामान्य र शयनयान वर्गहरूको हो। तीन करोडभन्दा बढी नक्कली IRCTC खालाहरू AV. BYTZIजो निलिए ताहरू निष्क्रिय पारिएको पनि उहाँले बताश मा भयो।

## लोकसभा वित्त विधेयक २०२६

लोकसभाले वित्त विधेयक, 2026 लाई ध्वनिमतले पारित गरेको छ। यो विधेयकले आर्थिक वित्त वर्ष 2026-2027 को लागि केन्द्र सरकारको वित्तीय प्रस्तावहरुको कार्यान्वयनको व्यवस्था गर्दछ। सदनले सरकारले प्रस्ताव गरेको संशोधनहरूलाई अनुमोदन गरेको छ। आज सदनमा वित्त विधेयक, 2026 मा भएको छलफलको जवाफ दिँदै, केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले सरकारले सूक्ष्म, साना र मझौला उद्यमहरू (एमएसएमई), किसान र सहकारीहरूलाई सशक्त बनाउँदैछ, भन्नुभयो। यी रोजगारी सिर्जना, उत्पादकता र देशको समग्र विकासको केन्द्रबिन्दु हुन्, उहाँले भन्नुभयो। श्रीमती सीतारमणले अझ भन्नुभयो, भारतलाई विकसित राष्ट्र बनाउन सरकारले डिजिटल पूर्वाधार, इलेक्ट्रोनिक्स उत्पादन, समुद्री उत्पादन, छाला, महत्वपूर्ण खनिज र आणविक ऊर्जा जस्ता प्रमुख क्षेत्रहरूलाई पनि समर्थन गरिरहेको छ। मंत्री महोदया ले भन्नुभयो, वित्त विधेयक मध्यम वर्गमा केन्द्रित छ, र सरकारले जीवन रक्षक 17 महत्वपूर्ण औषधिहरूलाई आधारभूत भन्सार शुल्कबाट छुट दिएको छ।

## पश्चिम एशिया ब्रीफिंग

केन्द्र सरकारले आज भन्यो कि देशसँग 26 करोड टन कच्चा नागरिकहरूलाई उडन्ते तेल प्रशोधन गर्ने क्षमता छ। खबरहरुमा विश्वास न गर्न आग्रह गरिएकोछ। आज नयाँ हालैका दिल्लीमा पश्चिम आयोजित एसियामा घटनाक्रमहरूको बारेमा अन्तर-मन्त्रालयी ब्रीफिंगलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले पेट्रोल र डिजेलको दरमा कुनै वृद्धि नभएको स्पष्ट पारिन्। पीएनजी विस्तारको बारेमा कुरा गर्दै, उनले भनिन् कि सरकारले यसमा ध्यान केन्द्रित गरिरहेको छ र हिजो यस सम्बन्धमा राजपत्र अधिसूचना जारी गरेको छ जसको मुख्य उद्देश्य सबै राज्यहरूमा पीएनजी कनेक्शन संबंधी आवेदन शुल्क र स्वीकृति समयसीमालाई सुव्यवस्थित गर्नु हो।

बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले भने कि पछिल्लो 24 घण्टामा 50 जना भारतीय नाविकहरूलाई स्वदेश फिर्ता ल्याइएको छ। श्री सिन्हाले थपे कि बन्दरगाह सञ्चालन सामान्य छ, र कतै पनि भीडभाड भएको रिपोर्ट गरिएको छैन।

सर्वदलीय बैठक

पश्चिम एसियाको मुद्दामा सरकारले बोलाएको सर्वदलीय बैठक संसद भवन परिसरमा भइरहेको छ । रक्षामन्त्री राजनाथ सिंहले बैठकको अध्यक्षता गर्दै हुनुहुन्छ जसमा केन्द्रीय गृहमन्त्री अमित शाह, विदेशमन्त्री एस जयशंकर, पेट्रोलियममन्त्री हरदीप पुरी, संसदीय मामिलामन्त्री किरण रिजिजु, जेडीयूका कार्यकारी अध्यक्ष संजय झा र राजीव रञ्जन (ललन) सिंह लगायत अन्य नेताहरू उपस्थित छन्।

छत्तीसगढ-माओवादीहरूको आत्मसमर्पण

छत्तीसगढमा, माओवादी संगठनका एक शीर्ष नेता पापा राव सहित कुल 18 माओवादीले आत्मसमर्पण गरेका छन् जसमा सात महिलाहरु पनि छन्।

पापा राव माओवादी संगठनको राज्य क्षेत्रीय समितिका सदस्य थिए र उ माथि 25 लाख रुपैयाँको इनाम थियो।

खेलो इन्डिया

पहले खेलो इंडिया जनजातीय खेलहरू आज छत्तीसगढमा शुरु भईरहेको छ। यो 3 अप्रिल सम्म जारी रहनेछन्। यी खेलहरूमा सात खेलहरू खेलाइनेछन्। केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मांडवियाले कार्यक्रमको उद्घाटन गर्नु हुने छ।